आज मिति २०८१ साल पुष १८ गते विहान ११:०० बजे विहीवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ४६ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |

Scanned with CamScanner
CamScanner

मिति २०८१/०९/१८ गतेको ४६ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

प्रदेश योजना संशोधनका लागि सिफारिस माग सम्बन्धमा।

प्रस्ताव नं.२

विद्यालय कर्मचारी,वालविकास सहजकर्ता र विद्यालयका कार्यालय सहयोगीहरुको तलब साझेदारी सम्बन्धमा ।

प्रस्ताव नं.३

गाउँसभाको १६ औं अधिवेशन सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.४

गाउँसभाको १६ औं अधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव तयारी सम्बन्धमा ।

प्रस्ताव नं.५

विषयगत समितिका बैठक सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं ६

ईल्ची खानेपानी योजनामा DPR मा उल्लेख भएभन्दा BOQ मा पाईप खरिदको परिमाण बढी हुनुको कारण र सो को अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं ७

गाउँपालिकाको प्रशासनिक भवन र ईल्ची खानेपानी योजनामा डि पी आर वापतको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ८

ई कुमार खेमसुन्दर शाहीको पदस्थापना सम्बन्धमा ।

प्रस्ताव नं ९

गाउँ शिक्षा समिति पुनर्गठन सम्बन्धमा ।

प्रस्ताव नं १०

वस्ती विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं ११

सार्वजनिक संरचना निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं. १ माथि छलफल गर्दा तपशिलका योजनाहरु संशोधनका लागि प्रदेश सरकार समक्ष पेश गर्ने निर्माण गरियो।

तपशिल

| सि.नं. | हाल कायम रहेको योजनाको नाम | संशोधन गरि कायम गर्नुपर्ने योजनाको नाम | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १ | सामुदायिक वहुउद्देशिय भवन निर्माण वडा नं ६ | शहिद जनक स्मृती प्रतिष्ठान सामुदायिक वहुउद्देशिय भवन निर्माण योजना वडा नं ६ | |
| २ | भिमपाइला खानेपानी योजना ठाटीकाँध गा पा वडा नं २ | भितरवन थापाटोल खानेपानी योजना ठाटीकाँध गा पा वडा नं २ | दोहोरो योजना परेकोले |

निर्णय नं २

प्रस्ताव नं.२ माथि छलफल गर्दा विद्यालय कर्मचारी,वालविकास सहजकर्ता र विद्यालयका कार्यालय सहयोगीहरुको गाउँपालिका बाट साझेदार रकम गत आ व को चौथो त्रैमासिकको छुट रकम भुक्तानी गर्ने र गाउँपालिकाको आन्तरिक राजस्व न्यून रहेको, संघिय सरकार बाट आउने राजस्व वाडफाँड अपुग हुने र वित्तिय समानिकरणको रकम बाट खर्च गर्न नमिल्ने भएकोले आ व २०८१।०८२ को साउन महिना देखि लागु हुने गरि साझेदारी रकम गाउँपालिका बाट थप नगर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा गाउँसभाको १६ औं अधिवेशन मिति २०८१ साल पौष २४ गतेका दिन देखि संचालन गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा गाउँसभाको १६ औं अधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव तयारी गर्नका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा विषयगत समितिले बैठक सञ्चालन गरी आ आफ्नो समितिको हाल सम्मको प्रगति समिक्षा सहित पेशगर्ने व्यवस्था मिलाउन संवन्धित विषयगत समितिका संयोजकलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. २ को निर्णय माथि हाम्रो असहमति छ ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिकाले गत आ व को संघीय सरकारको विशेष अनुदानबाट ठाटीकाँध गाउँपालिका वडा नं ३ र ४ मा संचालन हुने इल्चि तल्लो भेरिपातल ज्यामीचौर धामीगाउँ पिपलचौतारा डाग्र खानेपानी आयोजनाको लागि परामर्शदातावाट विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लगाईएको र परामर्शदाताले पेश गरेको प्रतिवेदन भन्दा बढी परिमाण समुदायको आवश्यकताका आधारमा थप खानेपानी सहायक लाइन विस्तार गर्नको लागि खरिद सम्झौतामा डि.पि.आर.मा उल्लेख भएको पाइपको परिमाण भन्दा बढी परिमाणको पाइप खरिदका लागि BOQ तयार गरी ठेक्का सम्झौता भएकोमा बढी भएको देहायको परिमाण र लागत अनुमान लाई वोलपत्र आह्वान गरी खरिद सम्झौता गरेकोमा खानेपानी आयोजनाको विल अफ क्वान्टिटिमा उल्लेख भएको पाइपको थप परिमाण र लागत अनुमान रकम अनुमोदन गर्ने निर्णय गरियो।

तपशिल

| विवरण | डि.पि.आर. अनुसारको | | वि.ओ.क्यू. अनुसारको | | कैफियत |
|---|---|---|---|---|---|
| | परिमाण (कि.मिटर) | लागत | परिमाण | लागत | |
| जि.आई. पाइप | ३.३१ | ४९०३०८७ | ३.७४८ | ४२४३७५० | |
| एच.डि.पि. पाइप | १८.८८ | ५००९६२९ | २७.३७४ | ५५३००६८ | |
| जम्मा | २२.१९ | ९९१२७१६ | ३१.१२२ | ९७७३८१८ | |

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा गाउँपालिकाको प्रशासनिक भवन र ईल्ची खानेपानी योजनामाको डि पी आर वापतको रकम भुक्तानी चालु आ व को स्विकृत वार्षिक वजेट डि पि आ र आ ई ई तथा परामर्श सेवा खरिद शिर्षकमा विनियोजन भएको रु १५ लाखा मध्ये बाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा संघीयताको कार्यान्वयन पश्चात् शुरु नियुक्ति तथा पदस्थापना भई एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा रहेका देहाय अनुसारका स्थानीय तहका कर्मचारीहरुले मिति २०८१।०६।२९ मा कर्णाली प्रदेश सरकार बाट प्रमाणिकरण भई जारी भएको स्थानीय सेवाको गठन,सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को दफा १३६ को पदस्थापना सम्वन्धी विशेष व्यवस्था अनुसार सोही दफाको उपदफा २ बमोजिम हाल कामकाज गरिरहेकै स्थानीय तहमा पदस्थापनाका लागि अनुरोध गरी यस गाउँपालिकामा निवेदन पेश गरेकाले माग बमोजिम नै पदस्थापन गरिदिएमा फरक नपर्ने हुँदा सहमति प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| क सं | कर्मचारीको नामथर र संकेत नं | पद | पदाधिकार रहेको स्थानीय तह | हाल कामकाजमा रहेको स्थानीय तह |
|---|---|---|---|---|
| १ | कुमार खेमसुन्दर शाही | ईन्जिनियर अधिकृत छैटौं | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | चामुण्डाविन्द्रासैनी नपा दैलेख |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा शिक्षा ऐन २०२८ (नवौं संसोधन २०७४) दफा ११ ट को उपदफा १ अनुसार गाउँपालिका क्षेत्र भित्र संचालन हुने विद्यालयको व्यवस्थापन रेख देख र समन्वय गर्ने कामको लागि गाउँ शिक्षा समिति गठन गर्ने व्यवस्था भएबमोजिम सोहि उपदफाको (ख) र (ङ) बमोजिम देहायका व्यक्तिहरुलाई गाउँ शिक्षा समितिमा मनोनित गर्ने निर्णय गरियो ।

**तपशिल**

क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) कार्यपालिका सदस्य श्री लाल बहादुर शाही -सदस्य

ग) कार्यपालिका सदस्य श्री कल्पना कुमारी थापा -सदस्य

घ) प्राध्यानध्यापक श्री धीर बहादुर शाही (श्री मालिका माध्यमिक विद्यालय पाँचला) -सदस्य

ङ) प्राध्यानध्यापक श्री राजकला शाही (श्री सत्यदेवि आधारभुत विध्यालय आग्र) -सदस्य

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा एकिकृत वस्ती विकास कार्यक्रम संचालनको लागि संघीय सरकार बाट विनियोजन भएको रु १ करोडबाट ठाटिकाँध गाउँपालिका वडा नं १ को राता टाकुरा ठाटीकाँध मिलनचोकसम्म कार्यान्वयन गर्ने गरी योजना छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा देहायका सार्वजनिक संस्थाहरुको भवन निर्माणका लागि निशुल्क रुपमा जग्गादान गर्न जग्गादाताहरु ईच्छुक भएकाले दाताहरुले निशुल्क दान गर्न चाहेको जग्गा प्रासिका लागि प्रकृया अगाडि बढाउने र उक्त जग्गा यस पालिका स्थित निम्न सरकारी संस्थाका नाममा पारित गरिदिन मालपोत कार्यालय दुल्लू र सम्बन्धित अन्य सरकारी निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

क. २ नं वडा कार्यालय भवन निर्माण

| क सं | जग्गादाताको नाम | जग्गाको ठेगाना | कित्ता नं | क्षेत्रफल | दान गर्न चाहेको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | नयाराम शाही साविक | साविक लकान्द्र | १३ | ४२४५ | २०३३ वर्ग मिटर |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | लकान्द्र गा वि स वडा नं ३ हाल ठाटीकाँध गा पा वडा नं २ दैलेख | गा वि स वडा नं ३ दैलेख | | | |
| २ | देउधरी विष्ट साविक लकान्द्र गा वि स वडा नं ३ हाल ठाटीकाँध गा पा वडा नं २ दैलेख | साविक लकान्द्र गा वि स वडा नं ३ दैलेख | १७ | ३०४५ | ५०० वर्ग मिटर |
| ३ | सर्जन थापा साविक लकान्द्र गा वि स वडा नं ३ हाल ठाटीकाँध गा पा वडा नं २ दैलेख | साविक लकान्द्र गा वि स वडा नं ३ दैलेख | १४ | ३३९० | ५०० वर्ग मिटर |

ख. ज्यामीचौर वर्थिंग सेन्टर निर्माण वडा नं ४

| क सं | जग्गादाताको नाम | जग्गाको ठेगाना | कित्ता नं | क्षेत्रफल | दान गर्न चाहेको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | जंग बहादुर शाही साविक विशाला गा वि स वडा नं ६ हाल ठाटीकाँध गा पा वडा नं ४ दैलेख | साविक विशाला गा वि स वडा नं ६ दैलेख | ३०५ | ५६४० | ५६४० वर्ग मिटर |

Scanned with CamScanner